नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राष्ट्रिय अनुसन्धान विभाग

बरफबाग, काठमाण्डौं

नेपाल विशेष सेवाको सहायक सूचक, सुरक्षागार्ड र परिचर पदको लागि

## दरखास्त आव्हान गरिएको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०२।११)

लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम यस विभाग एवं अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको सहायक सूचक (राजपत्र अनंकित चतुर्थ श्रेणी सरह), सुरक्षा गार्ड (राजपत्र अनंकित चतुर्थ श्रेणी सरह) र परिचर (श्रेणीविहीन) पदमा नेपाल विशेष सेवा नियमावली, २०४४ बमोजिम समावेशी प्राबधान अनुरुप खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गनुपर्ने भएकोले देहायका न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिएको छ । रित नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन । तोकिएको न्यूनतम योग्यता पुगेका सहायक सूचक पदका उम्मेदवारहरुले विभागको https://nidept.gov.np मा अनलाइन दरखास्त प्रणालीबाट र सुरक्षागार्ड एवं परिचर पदका उम्मेदवारहरुले तोकिएको स्थानमा स्वयं उपस्थित भई आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | पद तथा श्रेणी | सेवा | माग पद संख्या | खुला | समावेशी पद | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आदिवासी/ जनजाति | मधेसी | महिला | दलित | पिछडिएको क्षेत्र |
| १ | ०१/०८०/८१ | सहायक सूचक (राजपत्र अनंकित चतुर्थ श्रेणी सरह) | नेपाल विशेष सेवा | २३४ | १२८ | ३३ | २९ | २२ | १६ | ६ |
| २ | ०२/०८०/८१ | सुरक्षा गार्ड (राजपत्र अनंकित चतुर्थ श्रेणी सरह) | | १६ | ९ | १ | २ | २ | १ | १ |
| ३ | ०३/०८०/८१ | परिचर (श्रेणीविहीन) | | २ | १ | – | १ | – | – | – |
| सम्माननीय सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-wo-०३८२ समेतका उत्प्रेषणका निवेदनहरुमा मिति २०७९।१०।२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध मिलाएपछि कायम हुन आउने कुल पदहरुमध्ये समावेशी समूहमा पर्ने पदको अनुपातको हिसाबबाट आ.व. २०७९/८० मा समावेश नगरिएबाट वास्तविक रुपमा गुम्न गएका पदहरु समेत समेटी हुनगएको क्षतिको समेत पूर्तिका सम्बन्धमा कानुनमा व्यवस्था भएबमोजिम गरिनेछ । | | | | | | | | | | |

**(१) आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

क) सहायक सूचक पदको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एसएलसी वा एसईई वा सो सरहको उपाधि प्राप्त गरेको । ग्रेडिङ पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्नेछ । विदेशी शैक्षिक संस्थाबाट सो सरहको शैक्षिक योग्यता प्राप्त गरेको भए **नेपाल सरकारको निकायबाट** समकक्षता निर्धारण गरिएको प्रमाणपत्र पनि पेश गर्नुपर्नेछ ।

ख) सुरक्षा गार्ड पदमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा आठ कक्षा वा सो सरहको उपाधि प्राप्त गरेको । ग्रेडिङ पद्धतिबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 2 वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेको हुनुपर्नेछ ।

ग) परिचर पदको हकमा साधारण लेखपढ गर्न जानेको हुनुपर्नेछ ।

**(२) उम्मेदवारको उमेरको हद :-**

क) सहायक सूचक र सुरक्षा गार्ड पदको लागि छनोट हुने सालको बैशाख १ गते महिला र पुरुष दुवैको हकमा १८ वर्ष पूरा भएको र २५ वर्ष ननाघेको (मिति २०५६।०१।०१ देखि २०६३।०१।०१ सम्म जन्म मिति भएका) हुनुपर्नेछ ।

ख) परिचर पदका लागि २०८१ साल बैशाख १ गते महिला र पुरुष दुवैको हकमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (मिति २०४६।०१।०१ देखि मिति २०६३।०१।०१ सम्म जन्म मिति भएका) हुनुपर्नेछ ।

**(३) परीक्षाको किसिम :-**

| **क) सहायक सूचक** | **ख) सुरक्षा गार्ड** | **ग) परिचर** |
|---|---|---|
| लिखित परीक्षा | पूर्व योग्यता परीक्षा | पूर्व योग्यता परीक्षा |
| विस्तृत स्वास्थ्य परीक्षण | विस्तृत स्वास्थ्य परीक्षण | विस्तृत स्वास्थ्य परीक्षण |
| अन्तर्वार्ता | General Intelligence Test (GIT)-Verbal | - |
| - | अन्तर्वार्ता परीक्षा | अन्तर्वार्ता परीक्षा |

**(४) दरखास्त फाराम पेश गर्ने मिति :-**

क) सहायक सूचक पदका उम्मेदवारहरुको हकमा पहिलोपटक सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८१।०३।०८ सम्म) र दोब्बर दस्तुर बुझाई मिति २०८१।०३।१५ गतेसम्म थप दिन ७ हुनेछ ।

ख) सुरक्षा गार्ड र परिचर पदका उम्मेदवारहरुको हकमा पहिलोपटक सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०८१।०३।०८ सम्म) र दोब्बर दस्तुर बुझाई मिति २०८१।०३।१५ गतेसम्म थप दिन ७ हुनेछ । उक्त अवधिको कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ । अन्तिम मितिको दिन सार्वजनिक विदा पर्न गएमा सो भन्दा पछाडी कार्यालय खुल्ने दिनमा दरखास्त पेश गर्न सकिनेछ ।

**(५) परीक्षा केन्द्र र स्थान :-**

क) सहायक सूचक पदका उम्मेदवारहरुले आफुलाई पायक पर्ने लोक सेवा आयोगका कार्यालयहरु (धनकुटा, जलेश्वर, हेटौडा, काठमाण्डौ, पोखरा, बुटवल, सुर्खेत र महेन्द्रनगर) मध्ये कुनै एक स्थान मात्र परीक्षा केन्द्र छनौट गर्नुपर्नेछ । आयोगबाट तोकिएको स्थानमा परीक्षा केन्द्रहरु कायम गरी लिखित परीक्षा सञ्चालन हुनेछ ।

ख) सुरक्षा गार्ड र परिचर पदका उम्मेदवारहरुले आफुलाई पायक पर्ने राष्ट्रिय अनुसन्धान विभागको केन्द्रिय कार्यालय सिंहदरवार, काठमाण्डौ वा राष्ट्रिय अनुसन्धान प्रदेश कार्यालयहरु (धरान, बुटवल, र धनगढी) मध्ये कुनै एक स्थानमा स्वयं उपस्थित भई आवेदन दिन सक्नेछन् । यसरी आवेदन दिदा अनिवार्य रुपमा परीक्षा केन्द्र काठमाण्डौ राख्नुपर्नेछ । राष्ट्रिय अनुसन्धान विभागले तोकेको स्थानमा मात्र सम्पूर्ण चरणका परीक्षाहरु हुनेछन् ।

**(६) दरखास्त दस्तुर (राजश्व) र बुझाउने विधि :-**

क) सहायक सूचक पदका उम्मेदवारहरुले कुनै एक समूहको लागि रु.३००।-(तीन सय रुपैयाँ मात्र) बुझाउनु पर्नेछ । एक भन्दा बढी प्रत्येक समूहका लागि रु.१००।-(एक सय रुपैयाँ मात्र) का दरले थप दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले कम्तिमा रु.३००।-(तीन सय रुपैयाँ मात्र) राजश्व बुझाउनुपर्नेछ ।

**परीक्षा दस्तुर अनलाइन प्रणालीबाट e-Sewa, connect ips, Khalti, IME Pay मार्फत बुझाउन सकिनेछ ।**

ख) सुरक्षा गार्ड पदका उम्मेदवारहरुले कुनै एक समूहको लागि रु.३००।-(तीन सय रुपैयाँ मात्र) बुझाउनु पर्नेछ । एक भन्दा बढी प्रत्येक समूहका लागि रु.१००।-(एक सय रुपैयाँ मात्र) का दरले थप दस्तुर बुझाउनु पर्नेछ । समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले कम्तिमा रु.३००।-(तीन सय रुपैयाँ मात्र) राजश्व बुझाउनुपर्नेछ ।

(ग) परिचर पदको लागि रु.२००।-(दुई सय रुपैयाँ मात्र) र एक भन्दा बढी प्रत्येक समूहका लागि रु.५०।-(पचास रुपैयाँ मात्र) का दरले थप दस्तुर बुझाउनु पर्नेछ। समावेशी समूहतर्फ मात्र आवेदन दिने उम्मेदवारले कम्तिमा रु.२००।-(दुई सय रुपैयाँ मात्र) राजश्व बुझाउनुपर्नेछ।

सुरक्षा गार्ड र परिचर पदको दरखास्त शुल्क वापतको परीक्षा दस्तुर राष्ट्रिय बाणिज्य बैंकका जुनसुकै शाखाबाट बैंक खाता नम्बर-१०००१००२०००१००००, कार्यालयको कोड नम्बर-३०१०७३५०१, कार्यालयको नाम-राष्ट्रिय अनुसन्धान विभाग, राजश्व शिर्षक-परीक्षा शुल्क र राजश्व शिर्षक नम्बर-१४२२४ मा बुझाई सोको सक्कल प्रति भौचर दरखास्त फारामसाथ बुझाउनु पर्नेछ।

**(७) दरखास्त फाराम भर्ने तरिका :-**

क) सहायक सूचक पदको लागि विभागको वेभसाइट https://nidept.gov.np/career मा login गरी व्यक्तिगत विवरणका साथै आवश्यक कागजातहरु सहित अनलाइन प्रणालीबाट दरखास्त फाराम भर्नुपर्नेछ । दरखास्त फाराममा भरिएका विवरणहरु विभागले प्रमाणित गरेपश्चात रोलनम्बर कायम गरिनेछ। सोको जानकारी सम्बन्धित उम्मेदवारको ईमेल मार्फत गराइनेछ। तत्पश्चात अनलाइन प्रणालीबाट आफ्नो ID र Password Login गरी प्रवेशपत्र Print गर्न सकिनेछ।

ख) सुरक्षा गार्ड र परिचर पदको लागि तोकिएको स्थानमा उपस्थित भई व्यक्तिगत विवरणका साथै आवश्यक कागजातहरु सहित दरखास्त पेश गर्न सकिनेछ।

**(८) अनलाइन दरखास्त र स्वयं उपस्थित भई फाराम भर्दा अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु :-**

**(सहायक सूचक पदका लागि अनलाइन आवेदन गर्दा आवश्यक पर्ने कागजातहरु)**

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको स्क्यान कपी वा फोटो।

(ग) उम्मेदवारको दस्तखतको स्क्यान कपी वा फोटो।

(घ) तोकिएको शैक्षिक योग्यता वा सो सरह उत्तिर्ण गरेको मार्कसिट र चारित्रिक प्रमाणपत्रको PDF फाइल/स्क्यान कपी वा फोटो।

(ङ) तोकिएको समावेशी समूह अन्तर्गत

- **आदिवासी/जनजाति**का लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनी प्रमाणित भएको प्रमाणपत्र,
- **मधेसी**का लागि सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्र,
- **दलित**का लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्र वा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जातिभित्रको थर भनि प्रमाणित भएको प्रमाणपत्र,
- **पिछडिएको क्षेत्र**का लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने अन्तिम ३ महिनाभित्र सिफारिस भएको प्रमाणपत्र।

(च) **प्रत्येक प्रमाणपत्रको PDF फाइल/स्क्यान कपी वा फोटो समावेश गनुपर्ने र उक्त कागजातहरुको साइज बढीमा 300 KB को हुनुपर्नेछ। केरमेट वा सच्याइएको जस्तो देखिने प्रमाणपत्रलाई मान्यता दिइने छैन।**

**(सुरक्षा गार्ड र परिचर पदको लागि आवेदन गर्दा आवश्यक पर्ने कागजातहरु)**

(क) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ४ प्रति ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) तोकिएको शैक्षिक योग्यता वा सो सरह उत्तिर्ण गरेको मार्कसिट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि ।

(घ) तोकिएको समावेशी समूह

- **आदिवासी/जनजाति**का लागि नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि,
- **मधेसी**का लागि सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि,
- **दलित**का लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट दलित जातिभित्रको थर भनि प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि,
- **पिछडिएको क्षेत्र**का लागि अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाणपत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त बुझाउँदाका बखतसम्म सोही स्थानमा स्थायी बसोबास भएको भन्ने अन्तिम ३ महिनाभित्र सिफारिस भएको प्रमाणपत्रको प्रतिलिपि ।
- केरमेट वा सच्याइएको प्रमाणपत्रको प्रतिलिपिलाई मान्यता दिइने छैन ।

**(९) पाठ्यक्रम पाइने वेभसाइट :-**

सहायक सूचक, सुरक्षा गार्ड र परिचर पदका परीक्षाको पाठ्यक्रम राष्ट्रिय अनुसन्धान विभागको वेभसाइट https://nidept.gov.np/career बाट download गरी प्राप्त गर्न सकिनेछ ।

**(१०) विस्तृत स्वास्थ्य परीक्षण :-**

क) सहायक सूचक पदको लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुले राष्ट्रिय अनुसन्धान विभागबाट तोकिएको नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल वा स्वास्थ्य संस्थामा पाठ्यक्रममा तोकिएको मापदण्ड बमोजिम अनिवार्य विस्तृत स्वास्थ्य परीक्षण गर्नुपर्नेछ ।

ख) सुरक्षा गार्ड र परिचर पदको पूर्व योग्यता परीक्षामा सफल भएका उम्मेदवारहरुले राष्ट्रिय अनुसन्धान विभागबाट तोकिएको नेपाल सरकारको स्वामित्वमा रहेको अस्पताल वा स्वास्थ्य संस्थामा पाठ्यक्रममा तोकिएको मापदण्ड बमोजिम अनिवार्य विस्तृत स्वास्थ्य परीक्षण गर्नुपर्नेछ ।

**विस्तृत स्वास्थ्य परीक्षण गर्दा अस्पतालबाट तोकिए बमोजिम शुल्क लाग्नेछ । स्वास्थ्य परीक्षणमा योग्य उम्मेदवारहरु मात्र अन्य चरणको परीक्षामा समावेश हुन सक्नेछन् ।**

**(११) तलब, भत्ता, राशन तथा अन्य सुविधाहरु :-** राष्ट्रिय अनुसन्धान विभागको नियम र प्रचलित व्यवस्था बमोजिम हुनेछ ।

**(१२) परीक्षाको लागि सम्पर्क मिति :-** दोब्बर दस्तुर तिर्ने म्याद सकिएपछि विभागको वेभसाइटमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।

**(१३) अन्य विवरण :-**

(क) नेपाल विशेष सेवा नियमावली, २०४४ र राष्ट्रिय अनुसन्धान विभागको सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त, २०६६ बमोजिम पदपूर्ति गरिनेछ ।

(ख उम्मेदवारहरुले प्रत्येक चरणको परीक्षामा उपस्थित हुँदा प्रवेशपत्र र नागरिकताको सक्कलै प्रति साथमा लिई उपस्थित हुनुपर्नेछ ।

(ग) हरेक चरणको परीक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिनेछ र उत्तिर्ण उम्मेदवारहरुलाई मात्र अर्को परीक्षामा सम्मिलित गराइनेछ ।

(घ) लिखित परीक्षामा सफल उम्मेदवारहरुलाई पाठ्यक्रममा तोकिए बमोजिम सशस्त्र प्रहरी बल, नेपालको नेपाल ए.पि.एफ.अस्पतालबाट विस्तृत स्वास्थ्य परिक्षण गराईनेछ ।

(ङ) स्वास्थ्य परीक्षणमा सफल उम्मेदवारहरुलाई मात्र सो पश्चातको चरणको परीक्षामा सम्मिलित गराईनेछ ।

(च) अन्तिम चरणको परीक्षामा सहभागी हुन आउँदा उम्मेदवारहरुले नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजातको सक्कल र सोका प्रमाणित प्रतिलिपिहरुका साथमा लिई उपस्थित हुनुपर्नेछ ।

(छ) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजायँ पाएको र कुनै अवैध संस्था वा संगठनको सदस्य रहेको व्यक्ति परीक्षामा संलग्न हुन पाउनेछैन ।

(ज) तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(झ) सहायक सूचक पद र सुरक्षा गार्ड पदका उम्मेदवारहरुले दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हाँसिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(ञ) सहायक सूचक पदका उम्मेदवारहरुले लिखित परीक्षामा अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।